द्वन्द्व पिडित  लक्षित विशेष कृषि कार्यक्रम (तरकारी )

कार्यान्वयन कार्यविधि ( २०७३)

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

नेपाल सरकार (सचिवस्तर) मिति २०७३।०६।१४ को
निर्णय अनुसार स्वीकृत

नेपाल सरकार

कृषि विकास मंत्रालय

२०७३

सचिव

## द्वन्द्व पिडित लक्षित विशेष कृषि कार्यक्रम (तरकारी )

## कार्यान्वयन कार्यविधि २०७३

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

### पृष्ठभूमि

नेपाल बहुजातिय, बहुभाषिक तथा भौगोलिक विविधतायुक्त देश हो । कृषि अर्थतन्त्रले समग्र देशको अर्थतन्त्रलाई महत्वपुर्ण योगदान पु¥याएको छ । छैटौ कृषि गणना अनुसार ३८ लाख भन्दा धैरै कृषक घरधुरी मध्ये करिब ७० प्रतिशत कृषि पेशामा निर्भर रहेको देखिन्छ । नेपालमा विगत दुईदशक भन्दा लामो समयसम्म भएका शसस्त्र द्वन्द्व ऐतिहासिक जनआन्दोलन लगायत विभिन्न घटनाहरुका कारण राजनैतिक सामाजिक आर्थिक एवं सांस्कृतिक क्षेत्रहरु प्रभावित हुन गयो । २०६३।८।५ मा सम्पन्न विस्तृत शान्ति संझौता पश्चात एक दशक लामो हिंसात्मक द्वन्दका विधिवत अन्त्य भई संघिय लोकतान्त्रिक गणतान्त्रिक राज्यको रुपमा रुपान्तर भएको छ । संक्रमणकालिन यस समयमा विगतका द्वन्द्वका घाउहरुमा मलमपट्टी लगाउँदै आर्थिक विकास गरी समृद्ध राष्ट्र निर्माण गर्नु आजको चुनौती मध्ये एक हो । नेपाल सरकारले द्वन्द्व पिडितहरुको दीगो आर्थिक विकासका लागि विभिन्न राहात तथा अनुदान कार्यक्रमहरुको माध्यमबाट सेवा उपलब्ध गराउने सन्दर्भमा कृषि पेशामा आकर्षित गर्न यस तरकारी विकास निर्देशनालय मार्फत जिल्ला कृषि विकास कार्यालयहरुबाट "द्वन्द्वपिडित लक्षित विशेष कृषि कार्यक्रम" अन्तर्गत तरकारी उत्पादन कार्यक्रम संचालन गरिने छ ।

प्रस्तुत संदर्भमा आ.ब.२०७३/७४ को स्विकृत कार्यक्रम अनुसार "द्वन्द्व पिडितहरुलाई लक्षित गरी विशेष कृषि कार्यक्रम (तरकारी) संचालन गरिनेछ" भन्ने उल्लेख भए अनुसार कार्यक्रम कार्यान्वयनका लागी प्रस्तुत कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "द्वन्द्व पिडित लक्षित विशेष तरकारी उत्पादन कार्यक्रम, २०७३" रहेको छ ।

(ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

क) "लक्षित कार्यक्रम" अनुसुची –१ बमोजिमका द्वन्द्व पिडित कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम, मल, बीउ पुजि सहितको "द्वन्द्व पिडित लक्षित विशेष तरकारी उत्पादन कार्यक्रम, २०७३ भन्ने बुझ्नु पर्दछ ।

ख) "लक्षित कृषक " भन्नाले लक्षित कार्यक्रम संचालन गर्न चाहने द्वन्द पिडित नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

सचिव

ग) "द्वन्द पिडित" भन्नाले सशस्त्र द्वन्दको अवधिका शहिद परिवार, मृतक र वेपत्ता पारिएका व्यक्तिका परिवार, घाईते, अपाङ्ग एवं द्वन्दको कारणले आफ्नो थातथलामा बस्न जोखिममा परेका ब्यक्ति तथा तिनका परिवारलाई सम्झनु पर्छ । द्वन्द्व पिडितको प्रमाण ( हो की हैन यकिन गर्ने )ः द्वन्द्व पिडित पुष्टि गर्ने नेपाल सरकाले जारी गरेको कागजात वा स्थानीय शान्ति समितिको सिफारिस

घ) " संयोजक" भन्नाले संबन्धित जिल्लाका प्रमुख (वरिष्ठ कृषि विकास अधिकृत) बाट तोकिएका अधिकृत भन्ने संझनुपर्दछ ।

ङ) "तरकारी" भन्नाले आलु र मसला बाली बाहेकका तरकारी बालीहरु भन्ने बुझ्नु पर्दछ ।

च) स्किम भन्नाले द्वन्द्व पिडित लक्षित विशेष कृषि कार्यक्रम अन्तर्गत तरकारीखेती संचालनको लागी तयार गरिएको प्रस्ताव संझनुपर्दछ ।

**३. उद्देश्यः**

यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छः–

क द्वन्द्वका क्रममा बढी प्रभावित भएका जिल्लाहरुलाई (अनुसुचि – २) लक्षित गरि सम्बन्धित क्षेत्रका विभिन्न स्थानलाइ् विशेष प्राथमिकता दिई आयआर्जन संग सम्बन्धीत तरकारी उत्पादन कार्यक्रम संचालन गरी द्वन्द पिडितको जिवनस्तर उकास्न सहयोग पुर्याउने ।

**परिच्छेद–२**

**द्वन्द्व पिडित लक्षित कार्यक्रम तथा कार्यक्रम सञ्चालन विधिः**

४. लक्षित कृषकहरुले यस कार्यविधि अन्तर्गत तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्नेछन् ।

**५ कार्यक्रम छनौटका आधारहरु** ः

लक्षित कार्यक्रम संचालानार्थ कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

(क) लक्षित कृषकले कार्यक्रम सञ्चालन गर्ने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(ख) कार्यक्रमको लागि जमिन आफ्नै वा भाडामा लिएर गर्न सकिनेछ । जग्गाभाडमा बढीमा १५ हजार अनुदान दिईने छ जुन रकम शत प्रतिशत अनुदान हुनेछ ।

(ग) कार्यक्रम छनौट गर्दा द्वन्द्व पिडितहरुको बसोबास भएको तथा तरकारी उत्पादनका सम्भाव्ताको आधारका क्षेत्रलाई प्राथमिकता दिईने छ ।

(घ) व्यवसाय सँचालनका आवश्यक लागतको १५ प्रतिशत कृषकले व्यहोर्नुपर्ने र ८५ प्रतिशत अनुदान नेपाल सरकार बाट व्यहोरिने छ ।

(ङ) विमालाई सम्भावनाको आधारमा गर्नु पर्नेछ तर वाध्यकारी वनाईने छैन

## ६. कार्यक्रम संयोजक र निजको दायित्व

तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम संयोजक र निजको दायित्व देहाय बमोजिम हुनेछ ।

(क) तरकारी उत्पादन कार्यक्रमको लागि जिल्ला कृषि विकास कार्यालयका वागवानी विकास अधिकृतलाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा कार्यालय प्रमुखले कुनै अधिकृतलाई संयोजक तोकी जिम्मेवारी तोक्नु पर्नेछ ।

ख) संयोजकले कार्यक्रमको सूचना प्रकाशन, आवेदन संकलन, मूल्याँकन तथा छनौट क्रियाकलापहरुमा जिम्मेवारी बोधका साथ कार्य गर्नु पर्नेछ ।

ग) संयोजकले तरकारी खेतीमा देखिएको समस्या हेरी सम्वन्धित विषय विशेषज्ञ र कृषि सेवा केन्द्रको सहयोगमा निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ ।

घ) कार्यक्रमको अभिलेख अध्यावधिक गरी राख्नुपर्नेछ र सो को जानकारी माग भए बमोजिम क्षे.कृ.नि., तरकारी विकास निर्देशनालय, कृषि विभाग तथा कृषि विकास मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

## ७. द्वन्द्व पिडित लक्षित विशेष कृषि कार्यक्रम (तरकारी) उत्पादन कार्यक्रम सञ्चालन प्रकृयाः

तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**(क) सूचना प्रवाहः** जिल्ला कृषि विकास कार्यालयले उक्त कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे कृषि सेवा केन्द्र, गा.वि.स. र स्थानिय पत्र पत्रिका तथा एफ.एम. मार्फत अनुसुचि – ३ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

ख) आवेदन ः उपरोक्त कार्यान्वयनको लागि द्वन्द प्रभावितहरुबाट अनुसुचि – ४ वमोजिमको ढाँचामा कृषि सेवा केन्द्र वा जिल्ला कृषि विकास कार्यालयहरुमा आवेदन पेश गर्नुपर्नेछ । कृषि सेवा केन्द्रमा पेश हुन आएका निवेदनहरु सेवा केन्द्रका प्राविधिकहरुले जिल्ला कृषि विकास कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

ग) स्किमः आवेदनको साथमा अनुसूची ५ वमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ । स्कीमलाई यथार्थपरक पार्न जिल्ला कृषि विकास कार्यालयले सहयोग गर्नु पर्दछ ।

घ ) छनौट प्रक्रिया ः जिल्ला कृषि विकास कार्यालयले माग भई आएका आवेदनहरुको छनौट गर्दा अनुसूची ६ मा उल्लेखित सूचकहरुको आधारमा गर्नेछ । यसका अलावा स्किम संचालन हुनेस्थानको अवलोकन समेत गरी जिल्ला कृषि बिकास समितिमा पेश गरि पारित गराउनुपर्नेछ । जिल्ला कृषि विकास समितिवाट स्वीकृत भएका स्किमका प्रस्तावकलाई जिल्ला कृषि विकास कार्यालयले अनुसूची ७ बमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ ।

ङ) अनुदान रकम प्रवाह प्रक्रिया ः अनुदान सहयोगको रकम र उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

सचिव

क)  लक्षित कार्यक्रम संचालनको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयलाई नै अख्तियारी उपलब्ध गराइने छ ।

ख) प्रति स्किम बढिमा रु. ५०,०००।– सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

(च) जिल्ला कृषि विकास समिति वाट स्कीम अनुमोदन पश्चात् जिल्ला कृषि विकास कार्यालयले उक्त कार्यक्रमको लागि अनुदान रकम छनौट भएका अनुदानग्राहीको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ । यसरी अनुदान रकम उपलब्ध गराउंदा दुई किस्तामा अनुदान उपलव्ध गराइनेछ । जिल्ला कृषि विकास कार्यालयसंग सम्झौता भएपश्चात स्कीम सुरु गर्न प्रथम किस्तामा २० प्रतिशत तथा कार्यालयले स्थलगत अनुगमन गरी कार्यक्रम सम्पन्न भए पछि आवश्यक कागजात तयार गरी दोस्रो किस्ताको भुक्तानीका गर्नु पर्नेछ तर दोस्रो किस्ताको रकम प्राप्त गर्नका लागि प्रथम किस्ताको रकम फरफारक भएको हुनु पर्नेछ र दोस्रो सिजनको तरकारी खेती गरेको हुनुपर्नेछ ।

छ)  पहाडी जिल्लाका अनुदानग्राहीले प्रति सिजन ३ रोपनीका दरले र तराईका अनुदानग्राहीले प्रति सिजन १० कट्ठाका दरले सिजनमा (हिउंदे र बर्षे) तरकारी खेती गर्नु पर्नेछ ।

सम्बन्धित अनुदान रकम, तरकारी खेती गर्न आवश्यक पर्ने जग्गा भाडा, वीउ, मल, विषादी, प्लाष्टिक, सिचाईको पाईप, मोटर, स्प्रेयर, थोपा सिचाइ सेट, हर्मोन, होर्डिङ्ग बोर्ड, तरकारी उत्पादन गर्न आवश्यक पर्ने अन्य सामग्री आदिमा समेत खर्च गर्न सकिनेछ । जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्र र गा.वि.स. वा सम्वन्धित स्थानीय निकायले संयुक्त अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा दोश्रो किस्ताको रकम भुक्तानी दिइनेछ ।

ज) नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम जिल्ला कृषि विकास कार्यालयले अग्रसरता लिई सम्वन्धित कृषकहरुद्वारा पारदर्शिता अपनाई कार्यक्रम संचालन गर्नुपर्नेछ । कार्यक्रम संचालन पेश भएको स्कीम र सम्झौता अनुसार हुनुपर्ने छ ।

**६ .कार्य सम्पन्न प्रतिवेदन :**

अनुदानग्राहीले स्कीम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सिम्बन्धित जिल्लाका संयोजकले तोकिएको ढाँचा बामोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । जिल्ला कृषि विकास कार्यालयले जिल्लामा संचालित लक्षित कार्यक्रमको प्रगति कम्पाईल गरी मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालय र तरकारी विकास निर्देशनालयलाई पेश गर्नुपर्नेछ । सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयले जिल्लाबाट प्राप्त प्रगति कम्पाइल गरी मासिक, चौमसिक तथा बार्षिक रुपमा तरकारी विकास निर्देशनालयलाई उपलव्ध गराउनु पर्नेछ ।

सचिव

परिच्छेद–३

**विविध**

**७) अनुगमन तथा मूल्याकन व्यवस्था** ः कृषि विकास मन्त्रालय, कृषि विभाग, क्षेत्रीय कृषि निर्देशनालयहरुबाट आवश्यकता अनुसार एवं तरकारी विकास निर्देशनालयवाट र जिल्ला कृषि विकास कार्यालयहरुबाट नियमित अनुगमन गरिने छ । अनुगमन तथा मूल्याकनको प्रतिवेदन संम्बन्धित कार्यालयहरुमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**८) प्रचलित कानून लागू हुने** ः . द्धन्द्ध पिडित लक्षित लक्षित तरकारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

**९) कार्यबिधि संशोधन तथा परिमार्जन** ः कृषि बिकास मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

**१०) खारेजी तथा बचाउ** ः

क) कृषि विकास मंत्रालयले आबश्यकता अनुसार यस कार्यविधिमा आवश्यकता परिमार्जन एवं संषोधन गर्न सकिनेछ ।

अनुसूची – १

द्वन्द्व पिडित लक्षित कार्यक्रम संचालनको लागी मापदण्डः

* द्वन्द्व अवधि ः २०५२ फाल्गुन १ गते देखी २०६३ माघ ५ गते सम्म

* द्वन्द्व पिडित ः यस कार्याविधिको प्रयोजनको लागी द्वन्द्व पिडित भन्नाले द्वन्द्वको अवधिमा सोको कारणबाट मृत्यु भएका व्यक्तिका आश्रितहरु (पति वा पत्नि, छोराछोरी, बाबुआमा, र सगोल परिवारका अन्य सदस्यहरु) द्वन्द्वको क्रममा अङ्गभङ्ग वा घाईते भएका व्यक्तिहरु, द्वन्द्वको कारणबाट आपmनो ठाउं छोडी देशभित्रकै अन्य ठाउंमा आन्तिरिक विस्थापित भई बसेका व्यक्ति तथा परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्व पक्षहरुले नियन्त्रणमा लिई हालसम्म पता नलागेका वेपता नागरिक तथा तिनका परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुको अपहरणमा परेका व्यक्तिहरु र द्वन्द्वरतपक्षहरुद्वारा सम्पत्ति क्षति पुयाइएका व्यक्ति तथा परिवारहरु क्रमशः प्राथमिकताको निर्धारण गरिनेछ ।

* द्वन्द्व पिडितको प्रमाण ( हो की हैन यकिन गर्ने )ः द्वन्द्व पिडित पुष्टि भएको कागजात वा स्थानीय शान्ति समितिको सिफारिस

अनुसूची – २

द्वन्द्व पिडित लक्षित कार्यक्रम संचालनका लागी पहिलो चरणका जिल्लाहरु

१ रुकुम

२ रोल्पा

३ अछाम

४ सल्यान

५ जुम्ला

६ डोटी

७ लमजुङ्ग

८ कञ्चनपुर

९ सिन्धुली

१० कैलाली

अनुसूची – ३

द्वन्द्व पिडित लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना । सूचना ।। सूचना ।।।

यस कार्यालयलाई प्राप्त खर्च गर्ने अख्तियारी बामेजिम आ.व. २०.....÷.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार द्वन्द्व पिडित कृषकहरुलाई कृषि सम्बन्धि कार्यक्रमबाट स्थानियस्तरमा रोजगारी तथा खाद्य सुरक्षा प्रबर्धन गर्ने कार्यक्रम रहेको हुदा ईच्छुक महानुभावहरुद्धारा दरमखास्त आहवानको लागी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बामोजिमको कागजातहरु तयार गरी पेश गर्नुहोला । पूनश्चः आसय पत्र तयारीमा कुनै कठिनाई भएमा जिल्ला कृषि विकास कार्यालयबाट प्रस्तुत कार्यक्रम हेर्ने संयोजकले आबश्यक सहजिकरण गर्नुहुने व्यहोरा समेत यसै सुचनाद्धारा सूचित गरिन्छ ।

तपशिल

१. अनुसूची ४ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ५ अनुसारको संक्षिप्त कार्य योजना ।

३. द्वन्द्व पिडितको प्रमाण सम्बन्धि कागजात

४. अन्य प्रमाणित प्रमाण पत्रहरु –नेपाली नागरिकताको प्रतिलिपि, तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

अनुसूची –४

द्वन्द्व पिडित लक्षित तरकारी खेती कार्यक्रम अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन–पत्र

श्रीमान् बरिष्ठ कृषि विकास अधिकृत ज्यू,

जिल्ला कृषि विकास कार्यालय,

............................... ।

विषय ः द्वन्द्व पिडित लक्षित तरकारी खेती कार्यक्रम उपलब्ध गराई दिने वारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र १ प्रति पासपोर्ट साइजको फोटो

३. समूह /समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक

४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)

५ द्वन्द्व पिडितको प्रमाण सम्बन्धि कागज

निवेदकको

नाम ः

दस्तखत ः

ठेगाना ः

फोन नं.

अनुसूची – ९

आसयपत्र ÷संक्षिप्त कार्य योजना

द्वन्द्व पिडित कृषकको नाम थर

ठेगानाः गाउ÷ टोल ः वार्ड.नं गावि.स.÷न.पा.

जिल्ला ः तरकारीखेती संचालन गर्न खोजेको स्थान ः

सहयोग स्वरुप माग गरेको अनुदान रकम ÷लगानी ः आफ्नो लगानी ः

उत्पादन हुने तरकारी वालीहरु ः उत्पादन हुने परिमाण

बजार योग्य परिमाण

समुह÷सहकारी÷सहकारीको नाम

ठेगाना ः गाउं÷ टोल वडा.नं गा.वि.स. जिल्ला

व्यवसाय संचालन गरिने स्थान ः

सञ्चालन गरिने कार्य विवरण ः

| सि.नं. | संचालन गरिने क्रियाकलाप | अनुदान रकम | निजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

तरकारी खेती गरेको भएदेखि विगत कति वर्ष देखि निरन्तर गरि रहेको ? वर्ष महिना

व्यवसायको लागी श्रमको व्यवस्थापन ः क, पारिवारिक ख, वाहिरवाट ग , दुवै

सहि गर्नेको नाम

नाम थर ः संस्था भए छाप

पद ः

दस्तखतः मिति ः

अनुसूची – ६

स्किम मुल्याङ्कन आधार

| क्र.सं. | मुल्याङ्कन का आधार | अधिकतम अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| **क** | **सामुहिक खेती** | **२०** | |
| १. | सामुहिक खेती | २० | |
| २. | एकल खेती | १० | |
| **ख** | **स्वरोजगार संभावना** | **२०** | |
| १ | स्वरोजगार संभावना बढी भएको | २० | |
| २ | स्वरोजगार संभावना कम भएको | १० | |
| **ग** | **हालसम्म सेवा पाएको /नपाएको** | **१५** | |
| १ | कृषि विकास मंत्रालयको कुनैपनि निकायबाट सेवा वा अनुदान नपाएको | १५ | |
| २ | कृषि विकास मंत्रालयको कुनैपनि निकायबाट सेवा वा अनुदान पाएको | १० | |
| **घ** | **दीगोपना** | **१५** | |
| १ | आर्थिक र प्राविधिक रुपले दिगोपना बढी भएको | १५ | |
| २ | आर्थिक र प्राविधिक रुपले दिगोपना कम भएको | १० | |
| **ङ** | **निवेदक कृषक द्घन्द्घ प्रभावित अवस्था** | **३०** | |
| १. | परिवारको कुनै सदस्य गुमाएको÷बेपत्ता भएको | ३० | |
| २. | परिवारको कुनै सदस्य अंगभंग भै अशक्त भएको | २० | |
| ३. | अद्दय कार०ले सम्पत्ति क्षति पु¥याइएका परिवार वद्दथिपत र परिवारको कुनै सदस्य विस्थापित भएको वा द्वन्द्वबाट पिडित अन्य | १० | |
| | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम थर र पद दस्तखत र मिति

१ २ ३

अनुसूची –७

## द्वन्द्व पिडित लक्षित तरकारी खेती कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता–पत्र

कृषि विभाग÷तरकारी विकास निर्देशनालय द्वारा जिल्ला कृषि विकास कार्यालय ........ मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत द्घन्द्घ पिडित विशेष कृषि कार्यक्रम –तरकारी) लक्षित ........................... कार्यक्रम संचालन गर्न जिल्ला कृषि विकास कार्यालय, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका कृषक श्री÷सुश्री÷श्रीमती .................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता÷सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा ÷कार्यबिधि अनुसार सम्वन्धित युवाको खातामा अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

२. २. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ........................... व्यवसाय संचालन गर्नेछ ।

३. ३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. ४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप÷ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

५. ५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| जिल्ला कृषि विकास कार्यालयको तर्फवाट सहि गर्नेको गर्नेको | उद्यमी वा संस्थाको तर्फवाट सहि |
| नाम ः | नाम ः |
| पद ः | पद ः |
| दस्तखत ः | दस्तखत ः |
| मिति ः | मिति ः |
| कार्यालयको छाप ः | औठाको छाप ः |
| सम्पर्क फोन नं. ः | संस्थाको छाप ः |

## अनुसूची ८

## तरकारी खेती सम्बन्धि कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. कृषकको

नाम ः                                                  ठेगाना ः

३. आ.व.                                                ४. प्रगति प्रतिवेदन अवधी ः

चौमासिक÷वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य ः

१. .......          २. .......          ३.  ....

नाम ः          दस्तखत ः          मिति ः

ठेगाना ः

सचिव